घोडाघोडी स्थानीय राजपत्र

# घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्वारा प्रकाशीत

सुखड, कैलाली ७ नं. प्रदेश, नेपाल

| भाग २ | वर्ष १ | अंक १० | २०७४ माघ २५ गते, विहिवार |
|---|---|---|---|

घोडाघोडी नगरकार्यपालिकाबाट मिति २०७४।१०।१९ मा स्वीकृत भएको **टोल विकास संस्था स्थापना तथा सञ्चालन निर्देशिका, २०७४** स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनीक जानकारीका लागी प्रकाशन गरिएको छ ।

## प्रस्तावना :

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गरी गाउँ नगरको अन्तरसम्वन्धलाई सुदृढीकरण गर्न, गाउँ र नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एक अर्काको परिपुरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउन, सहभागितात्मक योजना तर्जुमा गर्न, उद्यमी समाजको निर्माण गर्न, टोलका जनसमुदायहरुलाई संस्थागत रुपमा विकास गर्ने वातावरण सिर्जना गर्ने जस्ता उद्धेश्य लिई राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा यस नगरपालिकामा समेत सञ्चालित गांउ नगर साझेदारी विकास कार्यक्रम अन्तर्गत स्थानीय तहको सामाजिक तथा आर्थिक विकासका लागि समुदाय परिचालनका लागि अघि सारिएको टोल विकास संस्थाको अवधारणा बमोजिम गठीत टोल विकास संस्थाहरुले सामाजिक परिचालनका माध्यमबाट यस नगरपालिकाको विकास प्रक्रियामा हालसम्म पुऱ्याएको योगदानलाई अक्षुण राख्न आवश्यक देखिएकोले आगामी दिनमा बृहत्तर घोडाघोडीको अवधारणा बमोजिम विस्तारित क्षेत्रमा समेत समुदाय परिचालनका माध्यमबाट समाबेशी, समतामूलक, वातावरणमैत्री दिगो विकास हासील गर्न यस्ता संस्थाहरुको स्थापना तथा सञ्चालनलाई व्यवस्थित एवं प्रभावकारी बनाउन आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिकाले टोल विकास संस्था स्थापना तथा संचालन निर्देशिका २०७४ तयार गरी लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यो निर्देशिकाको नाम **टोल विकास संस्था स्थापना तथा सञ्चालन निर्देशिका, २०७४** हुनेछ ।

ख) यो निर्देशिका नगरकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

ग) यो निर्देशिका घोडाघोडी नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका र नयां गठन हुने टोल विकास संस्थामा लागु हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) “संस्था” भन्नाले शहरी समाजमा विविध खालका सामाजिक-साँस्कृतिक, स्रोत-साधन परिचालन तथा विकासमुलक कार्यहरुलाई व्यवस्थित रुपमा परिचालन गर्न निश्चित भौगोलिक सिमाना/क्षेत्रलाई समेटी दफा-३ अनुसार गठन भएको टोल विकास संस्थालाई सम्झनुपर्छ ।

ख) “विधान” भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनुपर्छ ।

ग) “कार्य समिति” भन्नाले टोल विकास संस्थाको कार्य समिति सम्झनुपर्छ ।

घ) पदाधिकारी भन्नाले टोल विकास संस्थाका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरुलाई जनाउंछ ।

ङ) उपसमिति भन्नाले कुनै निश्चित कार्य तथा अवधि तोकी गठन गरिएको उपसमितिलाई सम्झनु पर्छ ।

च) नगर प्रमुख भन्नाले घोडाघोडी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

छ) प्रमुख प्रशासकिय अधिकृत भन्नालो घाडाघोडी नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

ज) नगर समन्वय समिति भन्नाले यो निर्देशिकाको दफा ९ बमोजिम गठित समितिलाई जनाउंदछ ।

झ) “निर्देशक समिति” भन्नाले टोल विकास संस्थाको नीतिगत र कार्यक्रमगत पृष्ठपोषणका लागि दफा ७ (१) बमोजिम गठन हुने समितिलाई सम्झनुपर्दछ ।

ञ) “तोकिए” वा “तोकिए बमोजिम” भन्नाले संस्थाले समय समयमा गर्ने निर्णय बमोजिम निर्धारित कार्यविधिमा उल्लेखित कुराहरुलाई जनाउदछ ।

ट) “कार्यमूलक समुह” भन्नाले टोल विकास संस्था गठन नभएको वा टोल विकास संस्थाले नसमेटेको क्षेत्रमा निर्देशिका बमोजिम काम गर्न वा कायम रहेको संस्थाले कुनै क्षेत्र वा टोलमा कार्यक्रम

घोडाघोडी स्थानीय राजपत्र

सञ्चालनमा अप्ठ्यारो भएमा निश्चित समयका लागि तदर्थ रुपमा गठन गरिएको समूहलाई सम्झनुपर्दछ ।

## ३. टोल विकास संस्था गठन तथा सञ्चालन

क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ । सो छाप संस्थाले आ-आफ्नो नाम राखी प्रयोग गर्न पाउनेछन् । तर एउटै नाम राखी एक भन्दा बढी संस्था गठन/संचालन पाईने छैन ।

ख) संस्थाले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा कुनै प्रकारको बन्दोबस्त गर्न सक्नेछ ।

ग) संस्थाले व्यक्ति सरह आ-आफ्नो नामवाट नालिस उजुर गर्न र सो उपर नालिस उजुर लाग्न सक्नेछ ।

घ) संस्थाहरु यस निर्देशिका बमोजिम सञ्चालन तथा परिचालन हुनुपर्दछ । यो निर्देशिका बमोजिम संस्थाहरु सञ्चालन नहुने संस्था स्वतः विघटन हुनेछ ।

ङ) दफा २(ञ) बमोजिम तदर्थ रुपमा गठीत कार्यमूलक समूहले संस्थाले गर्ने माथि उल्लिखित कार्य गर्नमा बाधा पुऱ्याएको मानिनेछैन ।

## परिच्छेद - २
## निर्देशिकाको उद्देश्यहरु

**४. यस निर्देशिका बमोजिम गठन हुने संस्थाहरु वा संस्थामा आवद्ध सबै सदस्यहरुको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ ।**

क) टोल विकास संस्थाहरुको गठन, पुनर्गठन तथा सञ्चालन गर्ने/गराउने ।

ख) संस्थालाई सक्षम, स्वावलम्वी र दिगो समुदायमा आधारित संगठनको रुपमा विकास गर्ने/गराउने ।

ग) टोल विकास संस्थाहरुको बार्षिक कार्ययोजना तर्जुमा गर्ने/गराउने ।

घ) टोल विकास संस्थाहरु र वडा समितिहरुका बीच अन्तर समन्वय गर्ने ।

ङ) टोलका व्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी न्यूनीकरणमा मद्दत पुऱ्याउने कार्यक्रमलाई प्रोत्साहित गर्ने/गराउने ।

च) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरका समुदायका व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुग्ने कार्यक्रमलाई प्रोत्साहित गर्ने ।

छ) संस्थालाई उद्धेश्य परिपूर्तिका लागि प्रभावकारी बनाउने ।

स्थानीय राजपत्र

ज) समुदाय तथा स्थानीय स्तरमा श्रोत पहिचान तथा परिचालन गर्ने ।

झ) स्वच्छ तथा सकारात्मक प्रतिस्पर्धात्मक भावनाको विकास गरी समुदाय स्तरको विकास प्रक्रियालाई प्रभावकारी बनाउने ।

ञ) आˆनो टोल क्षेत्रलाई स्वच्छ सफा राख्न टोल वासीलाई परिचालन गर्ने साथै नगरपालिकालाई सहयोग पु¥याउने ।

ट) फोहर मैला व्यवस्थापन गर्न सार्वजनिक निजी साझेदारी अवलम्वन गर्ने ।

ठ) टोल विकास संस्थाहरुबीच सिक्ने सिकाउने मान्यतालाई प्रवर्धन गर्ने ।

ड) नगरपालिकाले सञ्चालन गर्ने विभिन्न सामाजिक परिचालन सम्बन्धी अभियानहरुमा आवद्धता जनाउदै क्रियाशील सहयोगी भूमिका निर्वाह गर्ने ।

ढ) संस्थालाई नगरपालिकाको सबभन्दा तल्लो एकाईको रुपमा स्थापित गराई सहभागितात्मक नगरपालिका योजना तर्जुमा, अनुगमन तथा मुल्यांङ्कन प्रक्रियामा सक्रिय सहभागी बनाउन उत्प्रेरित गर्ने ।

## ५. संस्थाका कार्यहरु तथा दायित्वहरु

प्रत्येक टोल स्तरमा शतप्रतिशत घरपरिवार (एकघर एक सदस्य) सहभागी भएका महिला वा पुरुष वा दुवैथरी समावेश भएको टोल विकास संस्था गठन गर्नु पर्छ । संस्थाको कार्य तथा दायित्वहरु निम्न हुनेछन् ।

क) सदस्यहरुवाट नियमित रुपमा बचत संकलन र परिचालन गर्न विविध कार्यहरु सञ्चालन गर्ने ।

ख) संस्थाका सदस्यहरुलाई उद्यमशीलतातर्फ अग्रसर गराउन आफ्नो स्वलगानी तथा संस्थाबाट ऋण लिई उद्यम संचालन गर्न पहल गर्ने/गराउने ।

ग) तालिम तथा प्रविधिमा विशेष चाख राखी टोलवासीहरुको ज्ञान र सीप वृद्धि गराउने कार्यमा सहयोग गर्ने ।

घ) टोलमा आईपरेका समस्याहरु समाधान गर्न एकअर्कामा भाईचारा कायम गरी सभ्य समाजको अवधारणा कायम गर्ने ।

ङ) पिछडिएका वर्ग तथा जनजातिहरुको विकासका लागि सम्वन्धित क्षेत्र तथा निकायवाट सहयोगका लागि सम्वन्ध विस्तार तथा समन्वय कायम गर्ने ।

च) संस्थाले स्वःप्रयासमा नगरपालिकाको पूर्व स्वीकृति लिई कार्यक्रम सञ्चालन गर्न सक्नेछ । र सञ्चालनमा आएका कार्यक्रमको दायित्व, जिम्मेवारी स्वयं संस्थाले बहन गर्नुपर्नेछ ।

छ) संस्थाले नियमित रुपमा बार्षिक साधारण सभा गर्नु पर्नेछ । जसबाट आगामी बर्षको बार्षिक कार्य योजना, लेखापरीक्षण प्रतिवेदन पारित गर्नु पर्दछ ।

ज) संस्थाले बार्षिक रुपमा साधारण सभाबाट पारित गरेको प्रस्तावहरु नगरपालिकामा नियमित रुपमा प्रतिवेदन साथ पेश गर्नु पर्दछ । साधारण सभा प्रत्येक वर्षको प्रथम चौमासिक अवधिभित्र सम्पन्न गरिसक्नुपर्दछ ।

झ) संस्थाको तोकिएको भौगोलिक क्षेत्रभित्रका प्रत्येक घरधुरी (सत् प्रतिशत) बाट एक परिवार एक सदस्य महिला वा पुरुष अनिबार्य भएको टोल विकास संस्था गठन गर्नुपर्दछ । तर एकै घर परिवारबाट वालिग एक भन्दा बढी व्यक्ति संस्थाको सदस्य हुन बाधा पुऱ्याएको मानिनेछैन । मताधिकार प्रयोगका लागि एक घर परिवार एक मत कायम गरिनेछ ।

ट) टोल विकास संस्थाले आफ्नो टोलभित्र एक बाल क्लव गठन गर्नुपर्नेछ । साधारण सभाले कार्यसमिति चयन गर्दा बालबालिकाको प्रतिनिधित्व हुनेगरी बाल क्लव प्रतिनिधि एक बालक र एक बालिका राख्नुपर्नेछ । कार्य समितिमा बाल क्लव प्रतिनिधिको हैसियत आमन्त्रित सदस्य सरह रहनेछ ।

## परिच्छेद - ३
## संस्था गठन एवं संचालन विधि

**६. निर्देशक समितिको आवश्यकता :** घोडाघोडी नगरपालिका अन्तर्गत क्रियाशील टोल विकास संस्थाको सञ्चालन तथा व्यवस्थापनका सन्दर्भमा नीतिगत व्यवस्था, बार्षिक कार्य योजना तर्जुमा, बार्षिक कार्य योजना तर्जुमा, श्रोत साधनको पहिचान तथा परिचालन, अन्तर निकाय समन्वय तथा सहकार्य जस्ता विषयहरुमा पृष्ठपोषण तथा मार्ग निर्देशनका लागि निर्देशक समितिको व्यवस्था हुनेछ । निर्देशक समितिले टोल विकास संस्थाको काम कारबाही, गठन एवं विघटन, बिधान स्वीकृति, परिमार्जन, अनुगमन, मुल्यांकन, पुरस्कृत लगायतको कार्य समेत गर्नेछ । यो निर्देशिका लागु हुनु पूर्व सामाजिक विकास महाशाखाबाट भएको कार्य समेतलाई यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

**७. निर्देशक समितिः** निर्देशिकाको दफा ६ मा व्यवस्था भए अनुसार देहाय बमोजिम पदाधिकारीहरु रहेको एक निर्देशक समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख वा निजको काम गर्न तोकिएको पदाधिकारी | संयोजक |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ग) संयोजक वा प्रतिनिधि, टोल विकास संस्था नगर समन्वय समिति, | सदस्य |
| (घ) अध्यक्ष वा प्रतिनिधि, गैर सरकारी संस्था महासंघ, कैलाली | सदस्य |
| (ङ) प्रमुख, सामाजिक विकास महाशाखा, घो.न.पा.का. | सदस्य सचिव |

(२) निर्देशक समितिको वैठक कम्तिमा चार महिनामा एक पटक बस्नेछ । यसका अतिरिक्त आवश्यकताको आधारमा अन्य वैठक पनि वस्न सक्नेछ । साथै यो निर्देशिकाको सफल कार्यान्वयनका लागि यस समितिले आफ्नो कार्यविधि आफैं तयार गरी लागु गर्न सक्नेछ । बैठक भत्ता, तथा सुविधा सम्बन्धी निर्णय नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

घोडाघोडी स्थानीय राजपत्र

(३) **निर्देशक समितिको सचिवालयको कामः** निर्देशक समितिको सचिवालयले देहायका कार्यहरू गर्नेछ,

- क) निर्देशक समितिका निर्णयहरू कार्यान्वयन गर्ने ।
- ख) निर्देशिकामा उल्लेख भए बमोजिमको प्रकृया अनुरूप कार्यान्वयन गर्ने ।
- ग) प्रतिवेदनहरू तयार गरी निर्देशक समिति तथा अन्य सम्बन्धित निकायमा प्रस्तुत गर्ने ।

(४) **निर्देशिका संशोधनः**

- क) यो निर्देशिकामा कुनै संशोधन गर्न आवश्यक देखिएमा निर्देशक समितिले संशोधन मस्यौदा तयार गरी नगरपालिकाको बोर्ड समक्ष प्रस्तुत गर्नु पर्नेछ ।
- ख) नगरपालिकाले खण्ड (क) बमोजिम प्रस्तुत मस्यौदामा आवश्यक छलफल गरी आवश्यक भएमा सुधार समेत गरी नगरपालिकाबाट निर्णयपछि संशोधन हुनेछ ।
- ग) नगरपालिकाले खण्ड (ख) बमोजिम प्रस्तुत मस्यौदालाई जस्ताको तस्तै वा संशोधन सहित अनुमोदन गर्न सक्नेछ । निर्देशिका संशोधनको अधिकार प्रत्यायोजन गर्न सकिने छैन ।
- घ) संशोधित निर्देशिका नगरपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

## ८. संस्था गठन एवं कार्य संचालन विधि

क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मति निर्णयवाट टोलको क्षेत्र निर्क्यौल गरेपछि त्यस टोलभित्र बसोबास गर्ने सम्पुर्ण घरधुरीहरुको उपस्थितिमा संस्था गठन गर्ने निर्णय गरी भेलाको निर्णय सहित नगरपालिकामा निवेदन दिनु पर्दछ । निर्देशक समितिले आवश्यक अध्ययन गरी संस्था दर्ताको लागि स्वीकृति प्रदान गर्नेछ ।

ख) दफा ८ (क) बमोजिम टोल विकास संस्था गठन गर्न उपस्थित भएका व्यक्तिहरुले सर्वसम्मत निर्णयको आधारमा तदर्थ समिति गठन गर्नु पर्नेछ । उक्त तदर्थ समितिमा अध्यक्ष १, उपाध्यक्ष १, कोषाध्यक्ष १ र सचिव १ र अन्य सदस्यहरु गरी बढीमा एघार जना हुनेछन ।

ग) संस्था गठनको लागि निवेदन दिएको बढीमा तीन महिनाभित्र तदर्थ समितिले नगरपालिकाको प्रतिनिधिको उपस्थितिमा औपचारिक रुपमा साधारण भेला बोलाउनुपर्नेछ । साधारण सभाबाट सर्वसम्मत वा बहुमतीय आधारमा अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव १।१ र बांकी सदस्य रहनेगरी बढीमा एघार सदस्यीय कार्य समिति निर्वाचित हुनेछ । यसरी निर्वाचित कार्य समितिको कार्यकाल दुई वर्षको हुनेछ ।

घ) दफा ८(क) बमोजिम दर्ताको स्वीकृति प्राप्त गर्ने संस्थालाई अनुसुची-१ बमोजिम संस्था दर्ता गरी सोको प्रमाण पत्र उपलब्ध गराईनेछ । नगरपालिका कार्यालयमा लेखा परिक्षण सहित बार्षिक प्रतिवेदन बुझाएपछि संस्था स्वतः नविकरण भएको मानिनेछ । लगातार दुई बर्ष प्रतिवेदन नबुझाएमा संस्था दर्ता स्वतः रद्द हुनेछ ।

ङ) टोल विकास संस्थाको बैठक कम्तिमा महिनाको एक पटक नियमित रुपमा बस्नेछ । आवश्यकता अनुसार जनुसुकै वेला पनि वस्न सकिनेछ ।

च) संस्थाले यस निर्देशिकाको अधिनमा रही कार्य समितिको अनुमति लिई आफ्नो कार्यलाई प्रभावकारी वनाउन कार्यविधि तयार पारी लागु गर्न सक्दछन् । तर त्यस्तो कार्यविधि यो निर्देशकासंग बाझिएको हदसम्म खारेज हुनेछ ।

छ) प्रत्येक आर्थिक बर्ष समाप्तिको ४ महिनाभित्र वार्षिक साधारण सभा र २ बर्षमा कार्य समितिको छनौट वा समर्थन गर्ने साधारण सभा गर्नु पर्नेछ ।

## ९. नगर समन्वय समिति गठन र समन्वय समितिको काम, कर्तब्य र अधिकार

### अ) नगर समन्वय समितिको गठन

यस निर्देशिका बमोजिम गठन हुने संस्थाहरुबीच समन्वय, सम्पर्क, संयोजन, क्षमता विकास तथा अनुभव आदान प्रदान गर्न एवं नगर स्तरिय सामुदायिक कार्यका लागि तपसिलको प्रक्रिया बमोजिम टोल विकास संस्था नगर समन्वय समिति गठन गरिनेछ । यसको गठन प्रक्रिया निम्न अनुसार हुनेछ ।

क) नगरभित्र गठन भएका प्रत्येक टोल विकास संस्थाको कार्य समितिहरु मध्येबाट महिला र पुरुष १।१ जना गरी दुई जना प्रतिनिधिहरुको नगरस्तरीय साधारण सभा गठन हुनेछ ।

ख) उपदफा ९ (क) अनुसार गठन भएको साधारण सभाले अध्यक्ष १ , उपाध्यक्ष २ ( सामाजिक परिचालन १, वातावरण १ गरी २ जना), सचिव, कोषाध्यक्ष, र १६ जना सदस्य रहने गरी नगर समन्वय समितिको चयन गर्नेछ । निवर्तमान अध्यक्ष कार्य समितिमा पदेन सदस्यको रुपमा रहनेछ ।

ग) नगर समन्वय समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा एकपटक बस्नु पर्दछ । तर, आवश्यकता अनुसार बैठक बस्न यसले बाधा पार्ने छैन ।

घ) नगर समन्वय समितिले आवश्यकता अनुसार वडास्तरमा समन्वय समिति गठन गर्नसक्नेछ ।

**आ) नगर समन्वय समितिको काम, कर्तव्य र अधिकार**

क) नगरभित्र गठन भएका टोल विकास संस्थाहरुबीच समन्वय गर्ने ।

ख) दुई वा दुईभन्दा बढि संस्थाहरुको समन्वयमा कार्य गर्नु परेमा ति संस्थाहरुको वीचमा समन्वय गराउन भुमिका निर्वाह गर्ने ।

ग) नगरको विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

घ) संस्थाहरुको तर्फबाट विभिन्न तहमा नेतृत्व प्रदान गर्ने ।

ङ) नगरको विकासमा देखा परेका समस्या तथा चुनौतीहरुलाई पहिल्याउन मद्दत गर्ने ।

च) टोल विकास संस्थाहरुको क्षमता विकास, सीप तथा आय-आर्जन एवं स्वरोजगार जस्ता कार्यक्रममा समेत सहयोग गर्ने ।

छ) टोल विकास संस्थाहरुको क्रियाशिलताका लागि वडा स्तरीय समन्वय समिति गठन गर्ने । र समन्वय समितिलाई क्रियाशील गराउने ।

ज) वातावरणमैत्री विकासलाई प्रवर्धन गर्दै घोडाघोडी नगरपालिकालाई वातावरणीय मैत्री नगर निर्माण गर्न सहयोगी भूमिका निर्वाह गर्ने ।

झ) टोल विकास संस्थाको क्षेत्रभित्र बालमैत्री विकास अवधारणालाई प्रभावकारी बनाउन र बालविकासका कार्यक्रमलाई प्रभावकारी बनाउन टोल विकास संस्थाहरुलाई समन्वय एवं सहयोग गर्ने ।

घोडाघोडी स्थानीय राजपत्र

## परिच्छेद - ४
## अनुगमन-मुल्यांकन तथा पुरस्कार व्यवस्था

**१०. अनुगमन-मुल्यांकन** : संस्थाहरुको अनुगमन तथा मुल्यांकन तपसिलका बिषयमा आधारित वा मापदण्ड तयार गरी गर्न सकिन्छ ।

क) नियमित प्रगति विवरण, बैठक, आर्थिक पारदर्शिता, बार्षिक साधारण सभा, बचत परिचालन, ऋण परिचालनको अवस्था, वेरुजु तथा बेरुजू फछ्र्यौट एवं सिर्जनशिलता, वातावरणमैत्री, बालमैत्री विकास अवधारणालाई टोल तहमा प्रभावकारी बनाउन निर्बाह गरेको भूमिका आदिको आधारमा संस्थाको मुल्यांकन गरी पुरस्कृत एवं दण्डित गर्न सकिनेछ ।

ख) नगरपालिकाले नियुक्त गरेको वा संस्था आफैंले नियुक्त गरेको लेखा लेखापरीक्षकबाट लेखा परीक्षण गराउनुपर्नेछ । लेखा परीक्षकको पारिश्रमिक साधारण सभाबाट पारित गर्नुपर्नेछ ।

ग) संस्थाको हिसाव विवरण र त्यस सम्वन्धमा लेखा परीक्षकको प्रतिवेदन साधारण सभाबाट अनुमोदन गर्नुपर्दछ ।

घ) तोकिएको समयमा साधारण सभा नगर्ने संस्थालाई कारवाही गरिनेछ ।

ङ) दण्ड तथा पुरस्कार सम्बन्धी व्यवस्था : टोल विकास संस्थाको स्तर मापन गर्न निर्देशक समितिले विभिन्न सुचांकहरु निर्धारण गरी सो का आधारमा टोल विकास संस्थाहरुको वार्षिक रुपमा मूल्यांकन गरी उत्कृष्ट टोल विकास संस्थालाई दण्ड तथा पुरस्कारको व्यवस्था गर्न सक्नेछ । मूल्यांकन प्रयोजनका लागि निर्देशक समितिले उप समिति निर्माण गर्न सक्नेछ ।

### ११. संस्थाको कार्य समिति बिघटन, पुनर्गठन तथा खारेजी

क) संस्थाको विधानको उद्देश्यको बर्खिलाप वा प्रचलित ऐन, नियम, कानून विपरित कार्य गरेमा तथा सामाजिक सद्भाव बिथोल्ने गतिविधि गर्ने संस्था विघटन हुनेछ ।

ख) अदालत वा न्यायिक निकायबाट संस्थाले गरेको काम कारवाहीहरु गलत प्रमाणित भएमा वा विघटन गर्ने निर्णय भएमा,

घोडाघोडी स्थानीय राजपत्र

ग) बहुमत सदस्यको उपस्थितिमा उपस्थित सदस्य संख्याको दुई तिहाई बहुमतबाट विघटनको प्रस्ताव पारित भएमा ।

घ) संस्थालाई हानी नोक्सानी हुने गरी आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भएमा नगरपालिकाले कुनै पनि वेला संस्था विघटन, पुनर्गठन वा खारेज गर्न सक्दछ । तर सम्बन्धित संस्थाहरुलाई सफाइ दिने अवसरवाट वञ्चित गरिने छैन । यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार नगरपालिकाको हुनेछ ।

## परिच्छेद - ५
## विविध

**१२. अविश्वासको प्रस्ताव** : संस्थाको विधानमा अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था अनिवार्य रुपमा उल्लेख गरिएको हुनु पर्दछ । यो प्रस्ताव सम्बन्धित टोल विकास संस्थाको कम्तिमा २५ प्रतिशत सदस्यहरुले कारण सहित लिखित उजुरी समितिमा दर्ता गरेको १५ दिनभित्र बिशेष साधारण सभा बोलाई यसको टुङ्गो लगाई सक्नु पर्दछ । यदि सम्बन्धित समितिले अविश्वास प्रस्ताव दर्ता गर्न अस्वीकार गरेमा सो प्रस्ताव निर्देशक समितिमा दर्ता गर्न सकिन्छ । यस्तो प्रस्ताव दर्ता हुन आएमा निर्देशक समितिले एक महिनाभित्र टुङ्गो लगाउन निर्देशनात्मक आदेश संस्थालाई दिन सक्दछ । यसको अन्तिम टुङ्गो उपदफा ११ (ग) बमोजिम प्रक्रियाबाट लगाउनु पर्दछ ।

**१३. संस्था दर्ता खारेजी वा विघटन** : स्वीकृत/पारित संस्थाको विधान बमोजिम संस्था सञ्चालन नभएमा संस्थाको सम्पत्ति नेपाल सरकारको हुनेछ । तर व्यक्तिगत बचत रकम तथा यसको आयहरु सदस्यहरुको हिसाब बमोजिम फिर्ता पाउनेछन् ।

**१४. विधानको संशोधन:** संस्थाको विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारण सभामा पेश गरी सो सभामा उपस्थित सदस्यहरुको दुई तिहाइ बहुमतले पारित गरी नगरपालिकाबाट अन्तिम स्वीकृति पछि विधान संशोधन हुनेछ ।

**१५. खारेजी तथा बचाउ :** क) प्रचलित नेपालको ऐन नियमहरुसंग बाझिएको हदसम्म यस निर्देशिकाको प्रावधान तथा व्यवस्थाहरु स्वतःखारेज हूनेछ ।

ख) यो निर्देशिका जारी हुनुभन्दा अगाडी गठन भएका टोल विकास संस्थाहरु पनि यसै निर्देशिका बमोजिम गठन भएको मानिनेछ । साथै यस अघि जारी भएको टोल विकास संस्था कार्यविधि यसको प्रारम्भसंग खारेज हुनेछ ।

स्थानीय राजपत्र

अनुसुची-१

**घोडाघोडी नगरपालिका**

# नगरकार्यपालिकाको कार्यालय

**७ नं. प्रदेश, नेपाल**

**सुखड, कैलाली**

## टोल विकास संस्था दर्ताको प्रमाण पत्र

श्री अध्यक्ष,

.......................टोल विकास संस्था

घोडाघोडी नगरपालिका वडा नं. ......... कैलाली ।

घोडाघोडी नगरपालिकाको टोल विकास संस्था स्थापना तथा सञ्चालन निर्देशिका-२०७४ को दफा ८ (ग) बमोजिमको प्रक्रिया पुरा भएकोले निर्देशक समितिको मिति २०...../......./.......गतेको निर्णयानुसार यो संस्था दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

तपाई र तपाईको नेतृत्वमा गठन भएको संस्थाले यो निर्देशिकाको अधिनमा रही टोल, टोलवासीको चौतर्फी विकासका लागि क्रियाशिल रहनेछ भन्ने विश्वास लिएको छु ।

मितिः ........................

..........................

प्रमुख प्रशासकिय अधिकृत

---

नोटः यो प्रमाण पत्र नगरपालिकामा लेखा परीक्षण सहित बार्षिक प्रतिवेदन बुझाएपछि स्वतः नविकरण हुनेछ । लगातार दुई बर्ष प्रतिवेदन नबुझाएमा प्रमाण पत्र स्वतः रद्द हुनेछ ।

अनुसुची-२

घोडाघोडी स्थानीय राजपत्र

# .................टोल विकास संस्था
**सुखड कैलाली**

## <u>टोल विकास संस्थाको मासिक प्रतिवेदन</u>

श्री टोल विकास संस्था निर्देशक समिति
सुखड, कैलाली ।

महोदय,

उपर्युक्त सम्बन्धमा यस टोल विकास संस्थाको २०७.....साल.................महिनाको तपसिलमा उल्लेखित विवरण सहित प्रगति प्रतिवेदन आवश्यक जानकारी एवम् कार्यार्थ पेश गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

................
सचिव

### तपसिल

- अघिल्लो महिना टोल विकास संस्थाको बैठक बसेको मितिः
- अघिल्लो महिनामा बचत परिचालन/कोषको बैठक बसेको मितिः
- अघिल्लो महिना लेखा उप-समितिको बैठकको मितिः
- बैठकमा उपस्थिती सदस्य संख्या : महिला : तथा पुरुष :
- बैठक अध्यक्षता गर्ने व्यक्तिको नाम, थर, र दर्जा :
- बैठकका मुख्य मुख्य प्रस्तावहरु
    - 
- बैठककमा मुख्य मुख्य निर्णयहरु
    - 
- लगानी तथा बचत सम्बन्धी विवरण :
    - अघिल्लो महिनाको कूल सावा रकम :
    - अघिल्लो महिनाको संकलित बचत रकम :
    - अघिल्लो महिनाको संकलित ब्याज रकम :
    - यस महिनाको कूल रकम :
    - यस महिनाको कूल लगानी रकम :
    - कूल खराब कर्जा रकम :
- बिबिध

आज्ञाले
प्रमुख प्रशासकिय अधिकृत

घोडाघोडी स्थानीय राजपत्र